USAID अमेरिकी जनताबाट

NSET Earthquake Safe Communities in Nepal

# ७. हुरीबतास/आँधीबेहरीबाट सुरक्षाका उपायहरू



## हुरीबतास/आँधीबेहरी आउनु अघि गर्नुपर्ने १० कामहरु

१. विगतका घटनाहरूका आधारमा हुरी बतास र आँधी बेहरी प्रभावित स्थानहरुको नक्साङ्कन गर्ने । सम्भावित विपद् आइलागेमा के गर्ने भनेर परिवारमा सल्लाह गर्ने ।

२. काठ बाँसबाट बनेका र गारोवाला घरहरू धेरै अग्लो हुने गरी नबनाउने । घरका छाना हावाहुरीले नउडाउने गरी पक्का बनाउने ।

३. विद्युत, टेलिफोनका खम्बा, तार आदि बलियो गरी बनाउने ।

४. रुख, बिरुवा रोप्ने र वनजङ्गल जोगाउने, र सुकेका रुख हटाउने ।

५. हावाहुरी आउने पूर्व संकेतहरुको बारेमा थाहा पाउने र पूर्व सतर्कता अपनाउने । संकटभिमुख क्षेत्रमा हावाहुरी आउने सम्भावनाको पुर्वअनुमान यथासक्य चाँडो गराउने ।

६. घरबाहिर रहेका पशुपंक्षी, बालबालिका आदिलाई घरमा सुरक्षित स्थानमा बसाउने ।

७. हावाहुरीले उड्ने र बिग्रिनसक्ने सामान सुरक्षित स्थानमा राख्ने ।

८. हावाहुरीका कारण रुख ढलेर वा अन्य कारणले अत्यावश्यक सामाग्रीको ढुवानी प्रभावित हुनसक्ने भएकाले त्यस्ता समाग्रीको जोहो गर्ने । हावाहुरीबाट घरको छाना उडाएको अवस्थामा आश्रय लिन मिल्ने उपयुक्त स्थानको पहिचान गर्ने ।

९. हावाहुरीबाट नढाल्ने वा नउडाउने खालका घर बनाउने, आँधी हावाहुरीले अग्ला रुखहरु ढाल्ने भएकाले घरवरीपरिका अग्ला रुखहरु हटाउने । आँधी हावाहुरीले उडाउने डर भएको हुँदा अन्डरग्राउन्ड बस्ने स्थान बनाउने ।

१०. रेडियो टिभीबाट विपद् सम्बन्धी जानकारीहरु लिने ।

## हुरीबतास/आँधीबेहरी आउँदै गर्दा गर्नुपर्ने १० कामहरु

११. हुरी बतास आइरहेको अवस्थामा लड्न सक्ने कमजोर संरचनाको छेउछाउमा नबस्ने ।

१२. अग्ला रुख तथा टेलिफोन र बिजुलीको खम्बा मुन्तिर नबस्ने ।

१३. आगोका स्रोतहरु तुरुन्त बन्द गर्ने ।

१४. आँधी बेहेरी चल्दा घरका झ्याल ढोकाहरू बन्द गर्ने ।

१५. बिजुली बत्तीबाट चल्ने साधन वा उपकरणहरू नचलाउने र आगोको प्रयोग नगर्ने ।

१६. आँधी हावा हुरी आइरहँदा नआत्तिने ।

१७. सकेसम्म तल्लो तला वा होचो स्थानमा बस्ने ।

१८. ढोका वा झ्याल भन्दा टाढा बस्ने ।

१९. गाडी चलाउँदै हुनुहुन्छ भने गाडी रोकेर सुरक्षित स्थानमा बस्ने ।

२०. घरका छानाहरु हावाहुरीले सजिलै नउडाउने खालको बनाउने ।

## हुरीबतास/आँधीबेहरी आइसकेपछि गर्नुपर्ने १० कामहरु

२१. हावाहुरी र आँधी बेहेरी शान्त भएपछि कहिँ कतै जनधनको क्षतिभएको छ कि सावधानीपूर्वक अवलोकन गर्ने ।

२२. जोखिममा रहेका मानिस र पशुपंक्षीको उद्धार गर्ने, घाइते भएमा प्राथमिक उपचार वा थप उपचारका लागि स्वास्थ्य संस्थामा लैजाने ।

२३. बिजुली, टेलिफोनका खम्बा आदि ढलेर अन्य दुर्घटना भएको छ छैन अवलोकन गर्ने ।

२४. आवश्यक भएमा सुरक्षानिकाय, दमकल, स्वास्थ्य संस्था आदिलाई खबर गर्ने ।

२५. हावाहुरीबाट क्षति भएका घर/भवन, बिजुली, टेलिफोन लाइन, सडक आदिको मर्मत गर्न सम्बन्धित निकायमा खबर गर्ने ।

२६. भविष्यमा यस्तो विपद्बाट हुने क्षति न्यूनीकरण गर्न अपनाउने उपायबारे जनचेतना फैलाउने ।

२७. हुरीवतासले असर कम गर्ने खालका घर भवन निर्माण गर्ने ।

२८. हुरीवतासले असर कम गर्ने खालका कृषीबाली लगाउने ।

२९. हुरीवतासले असर पुराउने स्थानको पहिचान गर्ने ।

३०. हावाहुरीबाट क्षति कम गर्ने उपायबारे जनचेतना फैलाउने ।

यो सामाग्री अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (USAID/BHA) को सहयोगमा भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल (NSET) द्वारा सञ्चालित "मेरो सुरक्षित गाउँ" (My Resilient Village) कार्यक्रम अन्तर्गत तयार पारी प्रकाशन गरिएको हो।

विस्तृत जानकारीको लागि
**भूकम्प प्रविधि राष्ट्रिय समाज-नेपाल**
घर-६५, CR-१३, सैंबु आवास, भैंसेपाटी, ललितपुर महानगरपालिका-२५, नेपाल, पो.ब. नं. १३७७५, काठमाडौं, नेपाल,
फोन नं.: (९७७-१) ५५९१०००, फ्याक्स नं.: (९७७-१) ५५९२६९२
इ-मेलः nset@nset.org.np, वेब साइटः www.nset.org.np